जानकारी पत्र

# पारिवारिक तथा यौन हिंसा अनुभव गर्ने मानिसका लागि मद्दत तथा सहायता

*अष्ट्रेलियामा जन्मेको होस् वा अन्य मुलुकबाट अष्ट्रेलिया आएर बसेका हुन् सबै मानिसको सुरक्षित रहने तथा त्रास तथा हिंसाबाट स्वतन्त्र भएर जिउने अधिकार हुन्छ।*

अष्ट्रेलियामा पारिवारिक तथा यौन हिंसा कुनै पनि परिस्थितिमा सहिँदैन।

पारिवारिक हिंसा तथा यौन आक्रमण घरमै भए भने पनि तिनीहरू अपराध हुन्।

अष्ट्रेलियाको कानुनले महिला तथा पुरूषलाई समानरूपमा व्यवहार गर्छ। सबैजनाको सकारात्मक तथा सुरक्षित सम्बन्धको अनुभव गर्ने अधिकार हुन्छ।

## पारिवारिक हिंसा

पारिवारिक हिंसा एक अपराध हो।

तपाईंको पति वा पार्टनर तपाईं प्रति हिंसात्मक हुनु कानुनको विरूद्ध हुन्छ।

पारिवारिक हिंसा अन्तर्गत आक्रमण, यौन आक्रमण, धम्की, जबर्जस्ती, सन्त्रास, मौखिक गाली, अपहरण, पछ्याउनु वा त्यस्ता खाले कोशिस गर्ने जस्ता हिंसात्मक व्यवहारहरू पर्छन्।

पारिवारिक हिंसा शारीरिक हिंसाभन्दा पनि ठूलो हो र यस अन्तर्गत आर्थिक दुरूपयोग, भावनात्मक दुरूपयोग, पारिवारिक हिंसा आदेशको उल्लंघन तथा सम्पत्तिको क्षति जस्ता व्यवहारहरू पर्छन्।

पारिवारिक हिंसाको उदाहरणमा निम्न पर्छन्:

- तपाईंलाई धम्की दिने, तपाईंको अष्ट्रेलियामा रहने अधिकारबारेमा धम्की दिने।
- तपाईंलाई झम्टिने, हिर्काउने, घाँटी न्याक्ने, लात्ती हान्ने वा मुक्का हान्ने।
- तपाईंमाथि वस्तुहरू फ्याँक्ने
- तपाईंलाई कसलाई भेट्न सक्ने र तपाईंले के गर्न सक्ने भनेर रोकटोक गर्ने
- तपाईंलाई यौन कृयाकलाप गर्नका लागि दबाब दिने
- साथी तथा परिवारबाट तपाईंलाई अलग्याउने
- पैसा वा वित्तिय मामलामा तपाईंको पहुँचलाई बञ्चित गर्ने

## यौन हिंसा

यौन हिंसामा थुप्रै प्रकारका नचाहेका, मञ्जरी नभएका, चोटग्रस्त तथा जोखिमपूर्ण यौन व्यवहारहरू पर्छन् र साथै यौन उत्पीडन, छुने, जबर्जस्ती र बलात्कारजस्ता यौन आक्रमण पर्छन्। यौन आक्रमण एक अपराध हो।

## सहायता, मद्दत तथा जानकारी पाउने

यदि तपाईं पारिवारिक वा यौन हिंसाको अनुभव गरिरहनुभएको छ भने, तपाईंलाई सुरक्षित महसुस गर्न मद्दत गर्ने सहायता उपलब्ध छन्। तपाईंको स्थितिका बारेमा कुरा गर्न सक्ने तथा आफ्ना विकल्पका बारेमा छलफल गर्न सक्ने मान्छेहरू छन्।

हिंसा तपाईंको गल्ती कदापि होइन। तपाईंलाई आरोप लगाइन्न।

यदि तपाईंलाई हिंसा अनुभव गरिरहेको कोही ब्यक्ति चिनेको छ वा कसैमाथि शंका छ भने जानकारी, सुझाव तथा सहायता प्रदान गर्ने सहायता सेवाहरू उपलब्ध छन्।

# सहायता सेवाहरू

सहायता सेवालाई सम्पर्क गर्नका लागि मद्दत गर्न यदि तपाईं दोभाषे चाहिन्छ हुन्छ भने अनुवाद तथा दोभाषे सेवा (Translating and Interpreting Service (TIS)) लाई 131 450 मा फोन गर्नुहोस्।

सबै फोनहरू निःशुल्क तथा गोप्य हुन्छन्।

आकस्मिक अवस्थामा 000 (तीन शुन्य) मा फोन गर्नुहोस्।

अष्ट्रेलियामा प्रहरीहरू सुरक्षित र विश्वासयोग्य छन्।

# थप जानकारी

अष्ट्रेलियामा आउने महिला तथा पुरूषहरूलाई सहायता गर्नका लागि थप जानकारी (पारिवारिक हिंसाका सम्बन्धमा अष्ट्रेलियन कानुनबारेमा जानकारीलगायत) ४६ भाषाहरूमा **www.dss.gov.au/ family-safety-pack** मा उपलब्ध छ।

परिवार तथा यौन हिंसा कहिले पनि ठीक हुँदैन।

यदि तपाईं वा तपाईंले चिनेको कोही ब्यक्ति परिवार हिंसाबाट प्रभावित छ भने घरमा सुरक्षित परिवार हिंसा प्रतिकृया तथा सिफारिश लाइन (Safe at Home Family Violence Response and Referral Line) लाई 1800 633 937 मा फोन गर्नुहोस्।

यदि तपाईं वा तपाईंले चिनेको कोही ब्यक्ति यौन हिंसाबाट प्रभावित हुनुहुन्छ भने,

राज्यस्तरीय यौन आक्रमण संकट लाइन (Statewide Sexual Assault Crisis Line) लाई **1800 697 877** मा फोन गर्नुहोस्।

आकस्मिक अवस्थामा सधैं **000** मा फोन गर्नुहोस्

## आकस्मिक अवस्थामा 000 (तीन शुन्य) मा फोन गर्नुहोस्

परिवारिक हिंसा परामर्श तथा सहायता सेवा (Family Violence Counselling and Support Service)
**1800 608 122**
*सोमबारदेखि शुक्रबारसम्मः बिहान ९ बजे - मध्यरात; सप्ताहन्त तथा सार्वजनिक बिदामाः साँझ ४ बजे - मध्यरात*

उत्पन्न समानताको (Engender Equality)
**(03) 6278 9090**
*सोमबारदेखि शुक्रबारसम्म, बिहान ९ बजे देखि साँझ ५ बजे सम्म। यस बाहिरको समयमा समय मिलाएर भेट्न सकिन्छ।*
www.engenderequality.org.au

सुरक्षित रोजाइ (Safe Choices)
**1800 806 189**
*सोमबारदेखि शुक्रबारसम्म, बिहान ९ बजे देखि साँझ ५ बजे सम्म।*
www.safechoicestas.org.au

यौन आक्रमण सहायता सेवा (Sexual Assault Support Service (SOUTH))
**(03) 6231 0044**
*सोमबारदेखि शुक्रबारसम्म, बिहान ९ बजे देखि साँझ ५ बजे सम्म।*
www.sass.org.au

लौरेल हाउस (Laurel House)
North **(03) 6334 2740**
North West **(03) 6431 9711**
*सोमबारदेखि शुक्रबारसम्म, बिहान ९ बजे देखि साँझ ५ बजे सम्म।*
www.laurelhouse.org.au

घरमा सुरक्षित परिवार हिंसा प्रतिकृया तथा सिफारिश लाइन (Safe at Home Family Violence Response and Referral Line)
**1800 633 937**
*२४ सै घण्टा उपलब्ध नोटः कार्यालय समयभन्दा बाहिरको समयमा आउने फोनहरू तास्मानिया पुलिसमा निर्देशित गरिन्छ।*

राज्यस्तरीय यौन आक्रमण संकट लाइन (Statewide Sexual Assault Crisis Line)
**1800 697 877**
*२४ सै घण्टा उपलब्ध*

1800RESPECT: *राष्ट्रिय यौन आक्रमण, घरेलु, परिवारिक हिंसा परामर्श सेवा (National sexual assault, domestic, family violence counselling service)*
**1800 737 732**
*२४ सै घण्टा उपलब्ध*
www.1800respect.org.au